# सा विद्या या विमुक्तये

सञ्जय पन्थी

'सा विद्या या विमुक्तये' यो प्रसिद्ध वाणीको उद्‌गम नेपाल हो । आचार्य वर्गका अतिरिक्त अन्य लाई कमै मात्र जानकारी होला, यो तथ्यका बारेमा । यो वाणी सर्वप्रथम व्यक्त गर्ने व्यक्ति, याज्ञवल्क्य मिथिलाका राजा जनकका गुरु पुरोहित हुन् । यो 'सा विद्या या विमुक्तये' वाणीको अर्थ हो - विद्याआर्जन कुनै वन्धन वा स्वार्थबाट हुनुहुँदैन । स्वतन्त्र र निर्भय रूपमा हुनुपर्दछ ।

पूर्विय दर्शनमा मनुस्मृतीको जति महत्त्व छ, त्यति नै महत्व शिक्षा जागरणको क्षेत्रमा याज्ञवल्क्य स्मृतिको मानिन्छ । शिक्षालाई कसरी सर्वव्यापी र सर्वकल्याणकारी बनाउने भन्ने चिन्तन आजको नभएर तत्कालिन समयकै हो । जुन कुराको पुष्टी याज्ञवल्क्य स्मृतिको अध्ययनबाट हुन्छ ।

ऋषि याज्ञवल्क्यको महिमा राजा जनकको आर्दश राज्यको जगमा पाइन्छ । उनी हालको मिथिला अर्थात जनकपुर राज्यमा बस्थे । आ ँना गुरु (ऋषि)ले उनको ज्ञान र वाक्पटुताका कारण राजा जनकको दरबारमा यज्ञवाही गर्न पठाउँथे । एक दिन यज्ञ हमनका निम्ती उनी मिथिला दरबार पुग्दा राजा सभामा रहेछन् । उनले गुरु पुरोहित आगमन भएको खवर नै पाएनछन् । याज्ञवल्क्यले त्यो बिहानीको प्रहार दरबारमा प्रतीक्षामा बिताउनुपरेछ ।

त्यसले गर्दा उनमा केही नमीठो अनुभव भएछ । यज्ञहवनका लागि गुरु पुरोहित आएको समेत कुनै वास्ता नभएको ठानेपछि उनी दुःखी हुनु स्वाभाविक पनि हो । धेरै लामो प्रतीक्षापछि फर्किन लागे छन् । दरबारका एक सेवकले उनलाई अझै केहीबेर बस्न आग्रह गरेछन् । तर उनी आ ँनो वेबास्ताका कारण बस्नुभन्दा फर्किनु नै उचित ठानेछन् । फर्किने क्रममा आफैले ल्याएको नैवेद्य सामग्री दरबारकै आँगनमा मिल्काएर हिँडेछन् । त्यो नैवेद्य एउटा सुकेको काठको मुढोमा परेछ । नैवेद्य पर्नेबित्तिकै त्यो मुढो पल्लवित ( अङ्कुरित) भएछ ।

सभा सम्पन्नपश्चात् राजा जनक बाहिर निस्किएछन् । बाहिर सुकेको काठको मुढो पल्लवित भएको देख्दा उनी आश्चर्यचकित भएछन् । कारण सोधखोज गर्दा सेवकले त्यही घटनाको स-विस्तार जानकारी गराएछ ।

यता याज्ञवल्क्य आ ँना गुरुसमक्ष आइ पुगेछन् र दरबारमा आफूलाई गरिएको व्यवहार जस्ताको तस्तै सुनाएछन् । त्यो सुनेर गुरुले दरबारमा अनिष्ट हुने भय प्रकट गरेछन् । आदर्शवादी राजाको राज्यमा उनैको मानोमा गुरुकुल चलेको र त्यही गुरुकुलबाट याज्ञवल्क्य प्रशिक्षित थिए । तर पनि उनले ती सबै कुराको हेक्का नै राखेनन् । आफूले खाएको मानोमा बेवास्ता नगर्न गुरुले आग्रहसमेत गरे ।

तर उनलाई फर्किएर दरबारमा जान मन लागेनछ । शिक्षा र ज्ञानले परितोषित याज्ञवल्क्यले त्यति बेला भनेछन् । विद्या त कुनै बन्धनबाट प्रवाहित गरिनुहुँदैन । बरु म दरबारमा जानुको सट्टा अन्त कतै जान्छु र यस्तै गुरुकुल चलाउँछु भन्ने निर्णय गरेछन् । त्यसै बेला उनले भनेको वाणी हो- सा विद्या या विमुक्तये ।

त्यसपछि उनी त्यस राज्यबाट बाहिरिएर अन्त कतै शिक्षा प्रवाहको प्रबन्धमा जुटेछन् । उनले पढेको गुरुकुल दरबारको मानोमा सञ्चालित भएकाले राज आज्ञाको पालना गर्नुपर्ने बन्धन थियो । तर उनले चलाएको गुरुकुलमा कुनै वाचाबन्धनको अपेक्षा थिएन । विशुद्ध सर्वजनहिताय, सर्वजनसुखायसहित विमुक्तज्ञानको अपेक्षा मात्र थियो ।

उनले शिक्षणशाला अर्थात् गुरुकुलको मन्त्रनै सा विद्या या विमुक्तये बनाएर शिक्षा प्रदान गरिरहे । विद्या, कला र कौशलका पारंगत याज्ञवल्क्यको उक्त कार्यको पूर्वीय दर्शन शिक्षाशास्त्रमा महिमाका रूपमा उल्लेख छ । अहिलेसम्म पनि उक्त वाणीको स्मरण गरिन्छ मुक्त कण्डले प्रशंसा गरिन्छ ।

त्यसो त अहिले पनि उक्त वाणीको चर्चा नेपाल तथा भारतका केही गुरुकुलमा गरिन्छ । तर नेपालको शिक्षा नीति निर्मातालाई यस बारे खासै ज्ञान भएको पाइँदैन । नेपाली माटोको ज्ञान परम्परा र शिक्षा पद्धति भिल्लका देशको मणी बन्दै गएको छ ।

भनिन्छ गुरुकुलीय शिक्षाबाट नै भगवान् राम र कृष्ण पनि प्रशिक्षित थिए । राम वशिष्ठ र विश्वमित्रका शिष्य थिए भने कृष्ण सान्दीपनि ऋषिका शिष्य थिए । पुरातन कालको ज्ञानकै कुरा गर्ने हो भने, पाणिनि, याज्ञवलक्य र व्यास पनि नेपालकै शिष्य र सन्तान हुन् । जसको आदर्श विद्या र कर्मको क्षेत्रमा पूर्वीय दर्शन र भारत वर्षमा उँचो स्थान छ । नेपाली नेता र शासक भारतका कलुषित नेताको सूक्तिबाट आचमन गरेर राजधर्म निर्वाह गर्न लालायित रहे पनि पुरातन भारत भने नेपाली भूमिका पुत्रहरूको दिव्यवचन र स्मृतिवाणीमा निर्भर थियो भन्न सक्ने आधार छन् ।

दान र कर्तव्य भावनाले शिक्षा प्रवाह हुन्थ्यो । तर आजको समाजमा शिक्षा व्यापारको हिस्सा बन्न पुगेको छ । सन्तान बजारका कमोडिटी बन्न पुगेका छन् । आदर्श राज्यको कल्पना गर्ने नेता नै शिक्षालाई निजीकरण गर्ने ध्येय र स्वार्थमा छन् । जहाँ शिक्षा बजारको उत्पादन भन्दा महँगो भएपछि आत्मपुलकित आनन्दमा लिप्त छन् भने कसरी समाज समृद्ध बन्ला ? भन्नुको तात्पर्य शिक्षा मौलिक र राज्यको दायित्वको हुनुपर्छ भन्ने मान्यता हो ।

हामी स्मसान घाटका नर मानव बन्ने कि ? पवित्र र स्वतन्त्र भूमिका नागरिक ? हामीले आफैं आफूलाई इतिहासको कसीमा राखेर तौलने कि ? वर्तमान शिक्षामा कस्तो परिवर्तनको आवश्यकता छ ? शिक्षाको दायित्व समाज, सरकार वा धनाढ्यको कस्को हो ? यी सबै कुरामा विमुक्त भएर चर्चा गर्नुपर्ने भएको छ । शिक्षालाई समाजसँग कसरी स्थापित गर्ने ? शिक्षाको विभेदलाई कसरी मुक्त गर्ने भन्ने चिन्तनको आवश्यकता छ । नकी शिक्षामा गरिएको व्यापारबाट थैली बुझाएर लोकतन्त्रको धरोहर संसद्मा प्रवेश गर्नु ।

शिक्षाको व्यापारमा संलग्न माननीयहरूलाई समेत अवगत होस्, शिक्षाले व्यक्ति, व्यक्तिले कुटुम्ब, कुटुम्बले समाज, समाजले राष्ट्र निर्माण हुन्छ । यदि कर्तव्य राष्ट्र निर्माण हो भने शिक्षालाई व्यापारिक सोचबाट विमुक्त गर्नु आवश्यक छ । त्यो नै आजको आवश्तयकता र हामी सबैको कर्तव्य बन्न सक्नुपर्दछ ।

व्यापारबाट विमुक्त विद्याबाट राष्ट्र निर्माणको कल्पना गर्न सक्नुहोस् । अनि मात्र राष्ट्र र राष्ट्रियता बलियो हुनेछ । होइन भने शिक्षाबाटै गुलामी सुरु भएको छ । त्यो गुलामीले अन्ततः पहिचानको अस्तित्व नै संकटमा ल्याइदिनेछ । दाताको अनुग्रहमा मन्त्री र कर्मचारीको विदेश मोहबाट मुक्त भएर मौलिक शिक्षाको संरक्षण गर्न सकेनौ भने हाम्रा सन्तति आदर्श र स्वाभिमानी नागरिक नभएर कृपापात्र मात्र हुनेछन् ।

त्यसैले मुलुकको शिक्षा पद्धति र प्रणालीमा ध्यान दिन आवश्यक छ । साथै समय सापेक्ष परिमार्जित गर्दै राष्ट्र र राष्ट्रियताको पहिचान एवम् बोध गराउन सक्नुपर्छ । हाम्रो शिक्षामा मस्तिष्क, हात र हृदय तीनै अवयवको उपयोग हुने गरी विकास गर्न आवश्यक छ । अनि मात्र हामी आत्मनिर्भरको दिशामा अघि बढ्न सक्नेछौं । शैक्षिक ज्ञान कला र कौशलले परिपूर्ण साथै दृढ संकल्पित र आत्मविश्वासी बनाउन आवश्यक छ । ज्ञान धारामा भाषा ठूलो बनाइनुहुँदैन ।

भाषाको कुरा गर्दा चीन, रूस, जर्मनी र जापानले गरेको विकासलाई स्मरण गरे पुग्छ । उनीहरूको विकास भाषाले रोकिएन । उनीहरूको भाषाभन्दा पुरानो भाषाको जगमा हाम्रो भाषा छ । पुरानो भाषा र ज्ञानलाई जग र आधार बनाएर हाम्रो भूमिको ज्ञानलाई पुनर्ताजगी गर्न मात्र सक्यौं भने हाम्रा सन्तति निरीह नभएर ज्ञानले सुशोभित र दातव्यसमेत बन्न सक्नेछन् । पुरातन ज्ञान धारालाई समेत अन्वेषण गर्दै आधुनिक सभ्यताको यथार्थतालाई आत्मसात् गरेर शिक्षाको विकासमा नीति निर्माण गर्नु आवश्यक छ । त्यसका लागि स्वदेश-विदेश वा प्रवासमा जो जहाँ छौ, त्यहीँबाट योगदान गर्न आवश्यक छ । अन्त्यमा गुरुकुल शिक्षा पद्धति र पूर्विय दर्शनको महत्त्वलाई आत्मसात् गरेर कार्यक्रम आयोजना गर्ने 'नेपाल शिक्षक परिषद्'लाई हार्दिक साधुवाद ।